दुल्लु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुल्लु, दैलेख

कर्णाली प्रदेश नेपाल

पत्र संख्या २०८२/०८३ मिति २०८२/१२/२४

च.न.

## अनुदानमा कृषि तथा पशुपन्छी कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना।

प्रस्तुत विषयमा, यस नगरपालिकाको कृषि तथा पशुपन्छी सम्बन्धी चालू आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत उल्लेखित कार्यक्रमहरू यस नगरपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक यस नगरपालिकाका वडा नं.१ र २ का गाई, भैंसी पालनमा संलग्न कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म, र कृषि तथा पशुपंक्षी पढाई हुने विद्यालय लगायत अन्य सरोकारवालाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३/०१/०८ गते) भित्र तोकिएको ढाँचामा आवश्यक कागजातसहित यस नगरपालिकाको पशुपन्छी विकास शाखामा अवेदन पेश गर्न जानकारी गराइन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त प्रस्तावहरू छनोटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

............................

डा. विशाल पाठक

पशु चिकित्सक

डा. विशाल पाठक
पशु चिकित्सक (सातौं)

तपसिलका कार्यक्रम

| क्र.स. | कार्यक्रम | कार्यलयले वेहोर्ने | लाभग्राहीले वेहोर्ने | कार्यक्रमबाट अनुदान प्राप्त गरी गर्ने क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | भकारो सुधार कार्यक्रम | ७० प्रतिशत | ३० प्रतिशत | पक्का भुइँ निर्माण वा मर्मत, उचित ढलानसहित मल-मुत्र निकासको व्यवस्था, छाना तथा पर्खाल सुधार |

आवश्यक कागजातहरु

१. अनुसूची-४ अनुसार निवेदन

२. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

३. सम्वन्धित वडा कार्यालयको सिफारिसपत्र

४. समूह/सहकारी संस्थाको हकमा कार्यक्रम माग तथा सदस्यलाई दिने सम्बन्धी कार्यसमितिको निर्णय प्रतिलिपि

५. सम्वन्धित निकायमा दर्ता भएको कृषक समूह/कृषि सहकारी संस्था/निजी कृषि फर्मको दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि

६. स्थायी लेखा नम्वर/भ्याट प्रमाणपत्रको प्रतिलिपि

CamScanner

पत्र संख्या २०८२/०८३

मिति २०८२/१२/२४

च.न.

७. आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
८. सहकारी संस्थाको हकमा आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि
९. कार्यक्रम माग गर्ने लाभग्राही (जग्गाधनी) को हकभोग खुल्ने कागजातको प्रतिलिपि
१०. जग्गा भाडामा लिएको भए ५ वर्षको सम्झौतापत्रको प्रतिलिपि
११. अनुदान रकम व्यहोर्ने प्रतिवद्धता घोषणापत्र

नोटः यो सुचना वमोजिमको कार्यक्रम यस कार्यालयले ठेक्का प्रक्रियामार्फत गर्नेछ। कार्यक्रम सम्वन्धी थप जानकारीको लागी फोन नं ९८४५९३४७३८/९८४८०७८८५४/ ९८६४८६९१६२ मा सम्पर्क र website www.dullumun.gov.np मार्फत जानकारी लिन सकिनेछ।

CamScanner